श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३५ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "पञ्चायत (सदस्य प्रत्याह्वान) (पहिलो संशोधन) ऐन, २०३५" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ को दफा २ मा संशोधन: पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ मा रहेको "निर्वाचित, सहवृत्त वा मनोनीत" भन्ने शब्दहरूको सट्टा "निर्वाचित वा सहवृत्त" भन्ने शब्दहरू राखिएका छन् ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को प्रतिवन्धात्मक वाक्याँश (२) झिकिएको छ ।

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उप-दफा (१) को,–

(१) खण्ड (क) मा रहेको "अञ्चल सभा र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) खण्ड (ग) मा रहेको "नगर पञ्चायतलाई" भन्ने शब्दहरूको सट्टा "नगर सभालाई" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) राष्ट्रिय पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्नको लागि जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरूले समर्थन गरेको प्रत्याह्वानको प्रस्ताव जिल्ला सभामा पेश गर्नुपर्नेछ ।"

(२) उप-दफा (३) मा रहेको "नगर पञ्चायतको" र "नगर पञ्चायतमा" भन्ने शब्दहरूको सट्टा क्रमशः "नगर सभाको" र "नगर सभामा" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ मा "सम्बन्धित पञ्चायतको बैठक" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "सम्बन्धित सभाको बैठक" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को,–

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) राष्ट्रिय पञ्चायतको सदस्यउपरको प्रत्याह्वानको प्रस्तावलाई जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ ।"

(२) उप-दफा (३) मा रहेको "नगर पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "नगर सभाको" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ मा रहेको "निर्वाचित, सहवृत्त वा मनोनीत" भन्ने शब्दहरूको सट्टा "निर्वाचित वा सहवृत्त"भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०३५।४।२१।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।